# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं


मिति : २०७५।०३।२४

## प्रेस विज्ञप्ति

'राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार-२०७४' रुपन्देहीमा कार्यरत पत्रकार कृष्ण मल्ललाई प्रदान गरिने भएको छ । नेपाल पत्रकार महासंघ र शिक्षा विभागद्वारा गठित मूल्याङ्कन तथा छनौट समितिले गरेको सिफारिसका आधारमा शिक्षा पत्रकारिता पुरस्कार छनौट मूल समितिको बैठकले रु. ५१ हजार राशीको यो पुरस्कार बुलबुले टुडे र शिक्षक मासिकमा कार्यरत पत्रकार मल्ललाई प्रदान गर्ने निर्णय गरेको हो ।

यसैगरी बैठकले ७ प्रदेश र उपत्यकालाई १ प्रदेश मानी ८ प्रदेशलाई प्रदान गरिने रु २० हजार राशीको 'प्रादेशिक शिक्षा पत्रकारिता पुरस्कार-२०७४' को पनि निर्णय सार्वजनिक गरेको छ । जसअनुसार प्रादेशिक शिक्षा पत्रकारिता पुरस्कार २०७४ बाट पुरस्कृत पत्रकारहरू नामावाली यसप्रकार रहेको छ-

प्रदेश नम्बर १- निरोज कोइराला(रेडियो नेपाल/हिमालय टाइम्स-भोजपुर)
प्रदेश नम्बर २ - कृष्ण सिग्देल (राजधानी दैनिक/अनलाइनखवर- बारा)
प्रदेश नम्बर ३ - चमारसिंह लामा (सामुदायिक सूचना नेटवर्क- काभ्रेपलाञ्चोक)
प्रदेश नम्बर ४ - पवन पौडेल (दमौली एफएम-तनहुँ)
प्रदेश नम्बर ५ - पार्वती पाण्डे (बुद्धदर्पण दैनिक-कपिलवस्तु)
कर्णाली प्रदेश- मेघराज खड्का (कारोबार दैनिक- रुकुम)
प्रदेश नम्बर ७ - गोकर्ण दयाल (गोरखापत्र दैनिक- बैतडी)
उपत्यका प्रदेश- चन्द्र बानियाँ (रेडियो नेपाल- काठमाडौं)

त्यस्तै बैठकले ७ प्रदेश र उपत्यकालाई १ प्रदेश मानी ८ प्रदेशअन्तर्गत प्रत्येक प्रदेशबाट २ जना पत्रकारलाई प्रदान गरिने रु. १५ हजार राशीको 'प्रादेशिक शिक्षा लेखनवृत्ति-२०७४' नामावली सार्वजिनक गरेको छ । जसअनुसार 'प्रादेशिक शिक्षा लेखनवृत्ति-२०७४' प्राप्त गर्ने पत्रकारहरूको नामावली यसप्रकार रहेको छ-

प्रदेश नम्बर १– रमेशचन्द्र अधिकारी (कान्तिपुर दैनिक-धनकुटा) र नारायणभक्त राई (ब्लाष्ट टाइम्स दैनिक -मोरङ)
प्रदेश नम्बर २- नगेन्द्रकुमार कर्ण(गोरखापत्र दैनिक-महोत्तरी) र दीपेन्द्रप्रसाद सिंह(जनकपुर टुडे-धनुषा)
प्रदेश नम्बर ३ - मन्दिरा थापा(नेपाल टेलिभिजन-दोलखा) र मनोज थापा(अर्थ नेपाल डटकम-नुवाकोट)
प्रदेश नम्बर ४- शान्ता कमली(नयाँपत्रिका-लमजुङ) र छविलाल तिवारी(नागरिक दैनिक-पर्वत)
प्रदेश नम्बर ५-केशर रोका(अन्नपूर्ण दैनिक-प्यूठान) र तेजेन्द्र के. सी. (दैनिकपत्र दैनिक-रुपन्देही)
कर्णाली प्रदेश - नरजन तामाङ (नयाँपत्रिका-हुम्ला) र गणेश विक(नागरिक दैनिक-रुकुम)
प्रदेश नम्बर ७- गगन अएडी(नयाँपत्रिका दैनिक-बाजुरा) र जगदीश रोकाय(अन्नपूर्ण पोष्ट दैनिक-बझाङ)
उपत्यका प्रदेश - संयुक्तरूपमा- नीता सापकोटा(नेपाल टेलिभिजन-काठमाडौं), केशव भुल(सीआइएन-काठमाडौं) र रामु सापकोटा(हिमाल बवर पत्रिका-ललिलपुर)

बैठकले उपत्यकासहित ८ प्रदेशका एफएम रेडियोलाई प्रदान गरिने 'संस्थागत शिक्षा पत्रकारिता पुरस्कार-२०७४' प्राप्त गर्ने एफएम रेडियाको नामावली पनि सार्वजनिक गरेको छ । रु. २० हजार राशीको यो पुरस्कार प्राप्त गर्ने एफएम रेडियोको नामावली यसप्रकार रहेको छ-

प्रदेश नम्बर १– सामुदायिक रेडियो सोलु एफएम (सोलुखुम्बु), प्रदेश नम्बर २- रेडियो निजगढ (बारा), प्रदेश नम्बर ३ - रेडियो तिनलाल (रामेछाप), प्रदेश नम्बर ४- मनासुलु एफएम (गोरखा), प्रदेश नम्बर ५- रेडियो क्रिपालु (प्यूठान), कर्णाली प्रदेश- चंखेली एफएम रेडियो (कालिकोटा), प्रदेश नम्बर ७- सेती सामुदायिक एफएम (बझाङ), उपत्यका प्रदेश - रेडियो राजधानी (काठमाडौं)

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org

नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

यसैगरी बैठकले राष्ट्रिय स्तरका पत्रपत्रिका र टेलिभिजनलाई छुट्टाछुट्टै रूपमा प्रदान गरिने रु. २५ हजार राशीको 'संस्थागत शिक्षा पत्रकारिता पुरस्कार-२०७४' पत्रपत्रिकातर्फ नागरिक दैनिक (काठमाडौं) लाई प्रदान गरिने भएको छ भने टेलिभिजनतर्फ इमेज टेलिभिजन (काठमाडौं) लाई प्रदान गरिएको छ । साथै, अनलाइनतर्फको संस्थागत शिक्षा पत्रकारिता पुरस्कार एजुकेशन ज्यूज नेपाल डटकमलाई प्रदान गरिएको छ ।

महासंघ र शिक्षा विभागले शिक्षा क्षेत्रको विकासका लागि समाचार, सूचना र विचार प्रवाह गर्ने पत्रकार, एफएम रेडियो, पत्रपत्रिका र टेलिभिजनलाई प्रतिष्पर्धाका आधारमा प्रत्येक वर्ष यी पुरस्कार प्रदान गर्दै आएको छ । महासंघ पुरस्कृत सबै पत्रकार तथा सञ्चारमाध्यमलाई हार्दिक बधाई ज्ञापन गर्दछ । उक्त पुरस्कारहरू असार २९ गते हुने कार्यक्रममा वितरण गरिने छ ।

**रमेश विष्ट**
**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org